# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।३१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला कैलाली, भन्सार कार्यालय टीकापुरका एजेन्टका सहयोगी राम बहादुर साउदले भारतबाट सामान ल्याउने नेपाली ब्यापारीको पूर्ण भन्सार महसुल काटी सोको रसिद उपलब्ध गराई सकेपछि पनि भन्सार छुट गराई दिएको भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, कञ्चनपुरबाट खटिई गएको टोलीले सेवाग्राहीसँग रू.१५,०००/-(पन्ध्र हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा सत्ति भन्सार कार्यालयका नायव सुब्बा दुर्गादत्त भट्टले आफ्नो जिम्मेवारी र पदीय दायित्वसमेतको ख्याल नगरी बदनियतपूर्वक मालसामान जाँचपास गरेबापत रामबहादुर साउँदलाई सेवाग्राहीसँग बार्गेनिङ्ग गर्न लगाई नियमानुसार भए गरेको काममा समेत सेवाग्राहीलाई घुस/रिसवत दिन बाध्य पारी रू.१५,०००। -(पन्ध्र हजार) लिन मञ्जुर गरी राम बहादुर साउँदलाई लिन पठाई निज दुर्गादत्त भट्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको साथै निज रामबहादुर साउँदले मालसामान जाँचपास गरेबापत आफ्नो र दुर्गादत्त भट्टको लागि घुस बापतको रकम लिएको खुल्न आई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर अपराध गरेको देखिंदा निजहरू दुर्गादत्त भट्ट र राम बहादुर साउँदलाई बिगो रू.१५,०००।-(पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) र दफा(३) को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता